# सुर्मा गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## दौलिचौर, बझाङ




# आर्थिक वर्ष २०८२/०८३ को
# नीति, कार्यक्रम तथा बजेट



CamScanner

सुर्मा गाउँपालिका
गाउँसभा
आर्थिक वर्ष २०८२/२०८३ को नीति तथा कार्यक्रम

यस गरिमामय १७ औं गाउँसभामा उपस्थित गाउँपालिकाका प्रमुख ज्यू, गाउँसभाका सदस्य ज्यूहरु, गाउँसभाका सचिव, कर्मचारी साथीहरु तथा सञ्चारकर्मी मित्रहरुलाई मेरो व्यक्तिगत तर्फबाट तथा सुर्मा गाउँपालिकाको तर्फबाट हार्दिक स्वागत गर्दछु ।

यस महत्वपूर्ण घडीमा इतिहासका विभिन्न कालखण्डमा भएका प्रजातान्त्रिक, गणतान्त्रिक आन्दोलनहरुमा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात प्रातः स्मरणीय सहिदहरु प्रति श्रद्धासुमन अर्पण गर्दछु । साथै सहिद परिवारजनमा हार्दिक सम्मान प्रकट गर्दै परिवर्तनको आन्दोलन गर्ने क्रममा घाईते तथा अपाङ्गहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

उपस्थित सभा सदस्य ज्यूहरु हामी जन-निर्वाचित पदाधिकारीहरुको कानूनत तोकिएको पदावधी पनि ३ वर्ष व्यतित भई सकेको छ । यस अवधिमा **"समृद्ध सुर्मा गाउँपालिका, सुखी सुर्मावासी"** को मुल लक्ष्य लाई साकार पार्दै सुर्मा गाउँपालिकालाई पुर्वाधार विकास, कृषि, पर्यटन विकास, सुशासन, कर्मचारी व्यवस्थापन, सामाजिक परिचालन, स्वास्थ्य, शिक्षालगायत विभिन्न क्षेत्रको लागि आवश्यक पर्ने कानूनहरुको व्यवस्था गरी गाउँपालिकालाई एक निश्चित दिशा र गति प्रदान गर्दै अगाडि बढिरहेका छौं । विगतका हाम्रा भोगाई, विभिन्न क्षेत्रबाट प्राप्त सल्लाह सुझावहरुको आधारमा गाउँपालिका सही दिशा तर्फ अगाडि वढिरहेको अनुभुति हामी लगायत सम्पूर्ण गाउँवासीलाई भएको छ । यस अवधिमा गाउँपालिकाको कार्यसम्पादनमा सुझाव सल्लाह र सहयोग गर्नुहुने सम्पुर्ण अग्रज बुद्धिजिवी महानुभाव प्रति आभार व्यक्त गर्दै आगामी दिनमा समेत सल्लाह सुझाव र सहयोगको अपेक्षा राखेकी छु ।

❖ नेपालको सुदुरपश्चिम प्रदेश उच्च हिमाली जिल्ला वझाङ्गमा पर्ने साविकको दौलिचौर गा.वि.स. र सुर्मा गा.वि.स मिलि वनेको सुर्मा देवीको नामबाट नामाकरण भएको पवित्र स्थल सुर्मा गाउँपालिकाको पुर्वमा तल्कोट गाउँपालिका, पश्चिममा वुँगल नगरपालिका, उत्तरमा साईपाल गाउँपालिका र दक्षिणमा जयपृथ्वी नगरपालिका र छविसपाथिभेरा गाउँपालिकाले घेरिएको अत्यन्तै सुन्दर र मनोहर रमणीय, पर्यटकिय श्री सुर्मा देवीमाताको पावन क्षेत्रमा यो सुर्मा गाउँपालिका रहेको छ । यस सुर्मा गाउँपालिकालाई प्रशासनिक रुपमा ५ वडामा विभाजन गरिएको छ । यस गाउँपालिकाको कुल क्षेत्रफल २७०.८० वर्ग किलोमिटरमा फैलिएको छ । पालिकाको कुल जम्मा घरधुरी १८२३ र जनसंख्या ११०८२ रहेकोमा महिला ५५०९ र पुरुष ५५७३ रहेको छ । पर्वतारोहण, मनोरम दृश्यावलोकन पर्यटकिय क्षेत्र अवलोकन भ्रमण र जडिबुटी संकलनका दृष्टिकोणबाट महत्वपुर्ण सम्भावना वोकेका चाँदेशिखर हिमाल, जलजला पाटन, सुर्मा सरोवर ताल जस्ता रमणिय ठाउँहरु रहेका छन ।

❖ अध्यक्ष महोदय,

अव म यस सुर्मा गाउँपालिकाको चालु आ.व. २०८१/०८२ को नीति तथा कार्यकमको समीक्षा गर्ने अनुमती चाहान्छु ।

चालु आ.व. २०८१/०८२ मा वित्तिय समानिकरण अनुदान नेपाल सरकार बाट रु ६ करोड ८४ लाख ५२ हजार ९ सय ६० रुपैयाँ र प्रदेश सरकार मार्फत रुकम रु ६१ लाख २२ हजार रुपैया मात्र, नेपाल सरकारवाट प्राप्त राजश्व वाँडफाँडबाट ५ करोड ८९ लाख ५७ हजार १ सय ५९ रुपैयाँ , आन्तरिक राजश्व १४ लाख ६४ हजार ९७ रुपैया , र शसर्त अनुदान शिक्षा, स्वास्थ्य, कृषि र भेटेनरि तर्फ ८ करोड ९४ लाख ३६ हजार ९ सय ६० रुपैयाँ रहेको थियो ।

❖ यस सुर्मा गाउँपालिकाको मुख्य पेशा कृषि भएको कारण कृषिको विकास विना गाउँको विकास सम्भव नभएको हुँदा कृषि क्षेत्रमा बढि महत्व दिई खाद्यान्न उत्तपादन, व्यवसायिक फलफुलखेती अर्न्तगत एक घर एक करेशावारी, व्यवसायिक तरकारी खेती अर्न्तगत एक घर एक करेशावारी संञ्चालन गरी उन्नत जातको

स्याउ, दाँते ओखर, किवी, कागती, अमिलो जातको बोट वितरण गरिएको, उन्नत तरकारीको विउ वेर्ना वितरण गरिएको मौसमी, वेमौसमी तरकारी खेती गर्न क्षमता अभिवृद्धि गरिएको र हजार दिनका महिलालाई किवीका बोट वितरण गरिएको छ । साथै साना सिचाई पोखरी निर्माण गरी व्यवसायिक रुपमा मौसमी, वेमौसमी तरकारी खेती गरि कृषकलाई तरकारी खेतीमा आत्मनिर्भर गराउने प्रयास गरिएको छ ।

❖ यस पालिका भरी कृषि सम्बन्धी सम्पुर्ण कार्यमा काम गर्न संघ संस्था लगायत अन्य निकाय सँग अनुरोध र साझेदारी नीतिको अवलम्न गरिएको थियो ।

❖ पशु सेवा अर्न्तगत पशुको नश्लसुधार कार्यकम, कृषकलाई कुखुराको चल्ला वितरण तथा तालिम संचालन, कृतिम गर्भाधान कार्य सुचारु, औषधी वितरण तथा उपचार गरिएको छ ।

❖ शिक्षा क्षेत्रमा विकासका लागि विद्यालय क्षेत्र विकास कार्यकम अर्न्तगत विद्यालयको मर्मत सुधार अर्न्तगत विद्यालयको भवन निर्माण कार्यकम, सामुदायिक सिकाई केन्द्रको व्यवस्थापन, विद्यालय व्यवस्थापन क्षमता अभिवृद्धि कार्यकम, विद्यालय स्वास्थ्य तथा पोषण कार्यकम योजना सञ्चालन गरी खेलकुद विकासमा जोड दिईएको छ ।

❖ स्वास्थ्य विकास तर्फ यस आ.व. ०८१/०८२ मा परिवार नियोजन सम्बन्धी कार्यकमहरु संचालन गरिएको, कुपोषण न्युनिकरण गर्न कार्यकम संचालन भएको, सुरक्षित मातृत्व सम्बन्धी गतिविधि संचालन गरिएको राष्ट्रिय दादुरा रुवेला कार्यकम र नियमित खोप कार्यकमलाई प्रभावकारी ढंगले अगाडी बढाई खोप केन्द्र विस्तार गरि पुर्ण खोपको सुनिश्चिता गरिएको छ। एम्बुलेन्स सेवा सुचारु गरिएको छ। बाह्र महिना औषधी आपुर्ती ल्याव सेवा सञ्चालन दक्ष स्वास्थ्यकर्मी परिचालन गरि निम्नतम प्राथमिक स्वास्थ्य सेवा घर दैलोसम्म पुर्‍याएको छ ।

❖ **आ.व. २०८२ । २०८३ को लागि बार्षिक नीति तथा कार्यक्रम तयार गर्दा लिईएका आधारहरु :**

- नेपालको संविधानको अनुसूची ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यको निर्देशक सिद्धान्त र नीतिहरु,
- संघीय सरकारले अंगिकार गरेको सोहौं आवधिक योजना (आर्थिक वर्ष २०८१/०८२ -२०८५-२०८६) ले निर्धारण गरेको लक्ष्य, नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अंगिकार गरेका आर्थिक तथा वितीय नीतिहरु,
- स्थानीयसरकार सञ्चालन ऐन, २०७४ मा भएका व्यवस्थाहरु,
- संघीय सरकारवाट प्राप्त मार्ग निर्देशनहरु,
- प्रदेश सरकारवाट प्राप्त मार्ग निर्देशनहरु,
- माननीय मन्त्रीज्यू, माननीय सांसदज्यू, जिल्ला समन्वय समितिका प्रमुखज्यू, राजनैतिक दलहरुवाट प्राप्त सुझावहरु,
- सहभागितामूलक योजना तर्जुमा प्रकिया मार्फत प्राप्त सुझावहरु,
- गाउँकार्यपालिकाले योजना तर्जुमाका लागि निर्णय गरी तोकेका आधारहरु,
- गाउँवासीहरुवाट प्राप्त सल्लाह, सुझावहरु ।

❖ **आर्थिक बर्ष २०८२/०८३ को सुर्मा गाउँपालिका नीति तथा कार्यक्रमका प्राथमिकताका क्षेत्रहरु :**

- कृषि क्षेत्र
- पशुविकास क्षेत्र
- स्वास्थ्य क्षेत्र
- शिक्षा क्षेत्र
- पूर्वाधार विकास
- उद्योग क्षेत्र
- व्यापार क्षेत्र
- पर्यटन क्षेत्र



CamScanner

## १. आर्थिक विकास क्षेत्र :

### १.१ कृषि :-

- कृषिलाई आयमूलक, आधुनिक र मर्यादित पेशा तथा उत्पादनशील व्यवसायको रुपमा विकास गरिनेछ। महिला तथा अर्धबेरोजगार र बैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई कृषि व्यवसायमा आकर्षित गरिनेछ
- वास्तविक कृषकलाई सरल एवं सहज ढंगले उत्पादनमा अनुदान उपलव्ध गराउने नीति लिइनेछ। कृषकलाई उन्नत बीऊ तथा नवीनतम प्रविधि समयमै उपलव्ध गराइनेछ।
- सार्वजनिक वनक्षेत्र, सडकका किनाराको जमिनमा समयानुकुलका मौसमी फलफूल र अन्य फलफुलका विरुवा (स्याउ, कागती, अमिला, चुली आरु, काफल, आरुपखरा जस्ता आदि विरुवाहरु) रोप्ने र संरक्षण गर्ने कार्यक्रमहरु संञ्चालन गरिने छ।
- निजी बाँझो जग्गा, खेतवारीका कान्ला र आली समेतमा दलहन, तरकारी, फलफुल र अन्य विरुवा लगाउन कृषकलाई अभिप्रेरित गरिनेछ। गाउँ घरमा करेसावारी, कौसी र गमला खेती प्रवर्द्धन गरिनेछ।
- कृषि योग्य भूमिको माटो परीक्षण सिविर सञ्चालन गरी माटोको उपचारको साथै माटोको प्रकार अनुसार वालीनाली लगाउन कृषकलाई प्राविधिक सेवा उपलव्ध गराइनेछ।
- गाउँपालिकामा रैथाने वालीको विकास गर्न रैथाने वालीको उत्पादन, गुणस्तर व्यवस्थापन र बजारीकरणमा सहयोग गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ। रैथाने वालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन गरिनेछ। यस्ता कार्यक्रमको लागि प्रधानमन्त्री कृषि आधुनिकिकरणको कार्यालय तथा कृषि ज्ञान केन्द्र लगायत अन्य सरोकारवाला निकायहरुसंग समन्वय गरी सोही अनुरुप कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- रैथाने वाली उत्पादक कृषकहरुलाई रैथाने वालीको गुणस्तरीय बेर्ना खरिद गर्न अन्यत्र जानु नपरोस् र उनीहरुको लगानी गाउँपालिका क्षेत्रमा नै रहोस् भन्नाको लागि कृषि उपज संकलन केन्द स्थापना गरिनेछ
- कृषकहरुले लागतको आधारमा उत्पादनको उचित मूल्य प्राप्त गर्ने गरी प्रत्येक वडाका कृषकहरुलाई मूल्य वृद्धि श्रृङ्खलामा आवद्ध गराई उत्पादित कृषि उपजको बजारीकरणको लागि कृषि उपज संकलन केन्द्र सञ्चालन गरिनेछ।
- मसलाजन्य र तरकारीहरुमा गाउँपालिकालाई आत्मनिर्भर बनाईनेछ।
- कृषि उपजहरुको उत्पादकत्व दोव्बर गर्न कृषिमा आधुनिकीकरण, यान्त्रीकरण र व्यवसायीकरण गरिनेछ।
- कृषि उपजको संकलन तथा बजार व्यवस्थापनमा निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।
- जलवायु परिवर्तन, रोगको प्रकोप एवं प्राकृतिक विपदबाट कृषि क्षेत्रमा आउन सक्ने जोखिम न्यूनीकरण गरिनेछ। कृषकहरुलाई वाली विमा गर्न प्रोत्साहित गरिनेछ। कृषकहरुको साझेदारी र सहकार्यमा जलवायु अनुकुलन कार्यक्रम सञ्चालन गरी लगानी सुरक्षण गरिनेछ।
- **"एक टोल एक नर्सरी, एकघर एक करेसाबारी"** कार्यक्रम सञ्चालन गरिनेछ।
- व्यवसायिक तरिकाले अगाडि बढ्ने कृषकलाई प्रोत्साहन र पुरस्कारको व्यवस्था गरिनेछ।
- साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम अन्तरगत नयाँ कार्यक्रम सञ्चालन तथा सञ्चालन भई रहेका कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- गाउँपालिका भित्र परम्परागत रुपमा उत्पादन हुने रैथाने वालीको संरक्षण तथा प्रवर्द्धन गरिनेछ।
- प्राङ्गारिक खेती प्रणालीलाई प्रवर्द्धन गर्ने कार्यक्रमलाई प्रोत्साहन गरिनेछ। यसरी उत्पादन हुने कृषि उपजलाई गाउँपालिकाले थप अनुदान तथा सहुलियत प्रदान गर्दै बजारीकरणको व्यवस्था मिलाईनेछ।
- प्राङ्गारिक खेती प्रवर्द्धन,विषादी न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषक पहिचान कार्यक्रम सञ्चालन गरिनेछ।



CamScanner

१.२ सहकारी :-

- गाउँपालिका भित्रका सहकारीहरुको क्षमता विकास गरी सेवामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- सहकारी संस्थाहरुको अनुगमन र सहकारी उद्देश्य अनुरुप नियमनलाई प्रभावकारी बनाईने छ।
- स्थानीय उत्पादन वृद्धि, रोजगारी श्रृजना र गरिबी न्यूनीकरण गर्न सहकारी क्षेत्रको प्रवर्द्धन गरिनेछ।
- सहकारीको माध्यमवाट रोजगारीका अवसरहरु सिर्जनाको लागि सहकारी लगायत अन्य संघ संस्थाहरुसंग हातेमालो गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- सहकारी संस्थाहरुको उत्थान विकास तथा प्रवर्द्धनको लागि अन्य संस्थाको सहकार्यमा आधारशीला कार्यक्रम सञ्चालन गरिनेछ।

१.३ उद्योग तथा बाणिज्य :

- गरिबी निवारणका लागि लघु उद्यम विकास मोडेलमा नयाँ उद्यमी सिर्जना गरिनेछ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास अन्तरगत तयार भएका उद्यमीहरुलाई आवश्यकता पहिचानका आधारमा पुनर्ताजकी तथा एडभान्स तालिम सञ्चालन गरिनेछ।
- सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिष्पर्धा वृद्धि गर्नका लागि प्रविधि हस्तान्तरण गरिनेछ।
- गाउँपालिकामा दर्ता नभएका उद्योग तथा व्यावसायहरुलाई व्यावसाय दर्तामा प्रोत्साहन गरिनेछ।
- व्यावसाय दर्ताको अभिलेख व्यवस्थापन वडा कार्यालयमा पनि व्यवस्थित गर्दै लगिनेछ।
- कम्तीमा १५ जना श्रमिकलाई रोजगारी दिने गरि स्थापना हुने उद्योग स्थलसम्म आवश्यक भौतिक पूर्वाधारमा (सडक, विद्युत र पानी) गाउँपालिकाबाट लगानी गरिने नीति अवलम्वन गरिनेछ।
- उत्कृष्ट कृषक र उद्यमीहरुलाई प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गरिनेछ।
- संघीय सरकार र प्रदेश सरकारको समन्वयमा स्थानीय श्रोत साधनको उपयोग गरी कृषि तथा गैर कृषि उत्पादन, प्रशोधन, रोजगारी सृजना र स्थानीय समृद्धिको आधारको रुपमा लघु, घरेलु, साना तथा मझौला उद्योगहरु सञ्चालन र विस्तार गर्न अभिप्रेरित गरिनेछ।
- स्थानीय कच्चा पदार्थको उपयोगमा आधारित घरेलु उद्योगलाई प्रोत्साहन गरिनेछ
- कृषिजन्य तथा घरेलु उद्योगको स्थापना र सञ्चालनमा सरल र सहज वातावरण बनाउन जोड दिइनेछ।
- गाउँपालिका भित्र रहेका साना तथा मझौला उद्योगीहरुलाई आकर्षण गर्न विशेष कार्यक्रमको सञ्चालन गरिनेछ।
- उद्योग तथा व्यवसायिक क्षेत्रमा निजी क्षेत्रको लगानी प्रवर्द्धन गर्ने तथा लगानीमैत्री वातावरण सृजना गरिनेछ।

१.४ पर्यटन :

- **"आफ्नो काम आफ्नो रोजगार-कृषि, निर्माण र पर्यटन हाम्रो आधार"** भन्ने नारा सहित कृषि, भौतिक पूर्वाधार र पर्यटन क्षेत्रलाई सुर्मा गाउँपालिकाको रोजगारी एवं विकासको आधार बनाईनेछ।
- गाउँपालिका क्षेत्रभित्रको महत्वपूर्ण पर्यटकीय स्थानहरुको पहिचान गरी तिनको विकास गरिनेछ। साथै आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनको लागि पर्यटकीय गन्तव्यको प्रचार प्रसारमा जोड दिइनेछ।
- गाउँपालिका क्षेत्रभित्र रहेका पर्यटकीय क्षेत्रहरुमा घरबास (Home Stay) सञ्चालन सम्बन्धी तालिमको आयोजना गरिनेछ।
- निजी क्षेत्रको सहकार्यमा पर्यटकीय भौतिक संरचना निर्माण गरी गाउँपालिकाको आय वृद्धि गर्ने नीति अवलम्वन गरिने छ।
- सांस्कृतिक विविधताको विकास गरी पर्यटक आकर्षण गर्ने तर्फ विशेष जोड दिइनेछ।



CamScanner

- धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलको विकास, प्रवर्द्धन र विस्तारको लागि विशेष योजना सञ्चालन गरिनेछ ।

## १.५ पशु विकास

- पशु सेवा व्यवसायलाई विविधीकरण र सम्मानित आयमूलक पेशाको रुपमा विस्तार गर्न उत्कृष्ट कृषक सम्मान तथा अनुदानका कार्यक्रम सञ्चालन गरिनेछ ।
- नश्ल सुधारका कार्यक्रम सञ्चालन, उन्नत नश्लको व्यवसायिक पशुपंक्षीपालनका लागि कृषकहरुलाई प्रोत्साहन गरिनेछ । गाई, भैंसी, बाख्रा, बंगुर तथा कुखुरापालन गरी दुध, मासु र अण्डाको उत्पादन बढाइनेछ ।
- नश्ल सुधारको लागि उन्नत जातको बोका वितरण गरिनेछ ।
- कृतिम गर्भाधान कार्यक्रमलाई प्रभावकारी बनाउन कृतिम गर्भाधान मिसन कार्यक्रम सञ्चालन गरिनेछ ।
- बाखाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम अन्तरगत नयाँ कार्यक्रम सञ्चालन तथा सञ्चालन भई रहेका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- गुणस्तरीय पशु स्वास्थ्य सेवा विस्तार गरिनेछ । प्राविधिकहरु कृषकको खेत, बारी, गोठ तथा फर्म मै पुगी कृषि तथा पशुपंक्षीपालन सम्बन्धी प्राविधिक सेवा दिने व्यवस्था मिलाइने छ ।
- किसानलाई पशु बीमा गर्नको लागि आवश्यक सहजीकरण गरिनेछ ।
- पशुपंक्षी सम्बन्धी विभिन्न किसिमका तथ्याङ्कहरु संकलन गर्ने व्यवस्था मिलाईनेछ ।
- दुध मिसन कार्यक्रम अन्तरगत भैंसी प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- मासु मिसन कार्यक्रम अन्तरगत बाखा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशुपंक्षीहरुलाई आवश्यक खोपको व्यवस्था गरिनेछ ।
- साझेदारी संघ सस्था सँग समन्वय गरी साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।

## १.६ वडा विकास कार्यक्रम :-

- समुदायस्तरमा संगठन, वचत र सीपका आधारमा टोल विकास संस्थाको गठन तथा संस्थागत विकास गरी गरिवी निवारण, आयआर्जन, शसक्तीकरण र रोजगारीमा उल्लेख्य टेवा पु-याईनेछ ।
- आर्थिकको साथै समाज विकासको बाधकको रुपमा रहेका विभेद, पछौटेपन, कुरीतिहरुलाई निर्मुल गरी सामाजिक विकासलाई गति प्रदान गरिनेछ ।
- अन्तर पुस्ता सीप हस्तान्तरण कार्यक्रम गरी परम्परागत सीप र घरेलु कलालाई संरक्षण एवं सम्वर्द्धन गर्ने नीति लिइनेछ ।
- वडा विकास कार्यक्रमलाई समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणको मेरुदण्डको रुपमा स्थापित गरिनेछ ।

## १.७. राजस्व परिचालन अभिवृद्धि

- **"कर डर होइन, गाउँ विकासको भर हो"** भन्ने तथ्यलाई आत्मासाथ गर्दै गाउँपालिकाको मेरुदण्डको रुपमा रहेको राजस्व वृद्धि गर्न करका दरमा वृद्धि गर्नु भन्दा कराधार (Taxpayer) मा वृद्धि गर्ने नीति लिईनेछ
- गाउँपालिकाको आन्तरिक स्रोत अभिवृद्धिका लागि करका नयाँ स्रोतहरुको पहिचान गरी राजस्व अभिवृद्धि गर्नका लागि थप अध्ययन गरिनेछ ।
- राजश्वको चुहावट नियन्त्रणका लागि संचित कोष व्यवस्थापन प्रणालीलाई थप व्यवस्थीत वनाईने छ ।
- वहुमुल्य जडीवुटीको करको दायरा हेरफेर गरिनेछ ।

- घर जग्गा पास, नक्सा पास, कर, राजस्व भुक्तानी र कुनै पनि सिफारिस लिने प्रयोजनका लागि प्रदान गरिने नागरिक सेवालाई सहज र व्यवस्थित बनाइनेछ ।

**१.८ रोजगारी सिर्जना तथा स्वरोजगार कार्यक्रम :**

- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सीपयुक्त दक्ष जनशक्ति, रोजगारीको क्षेत्र र रोजगार सम्बन्धी अन्य कार्यक्रमहरुसँग आवद्ध गरी यथार्थ उत्पादन मूलक रोजगारी सिर्जना गर्ने बेरोजगार लक्षित अभियानको रुपमा कार्यान्वयन गरिनेछ ।
- सूचीकृत भएका बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिक मा आधारित सामुदायिक आयोजना सञ्चालन गरी श्रम मूलक आयोजना मार्फत् समुदायको विकास संगै सामाजिक संरक्षणको प्रत्याभुति गराइने छ ।
- दक्ष तथा सक्षम जनशक्तिको विकास गरि आन्तरिक रोजगारिको प्रवर्द्धन गर्न आवश्यक सीपमुलक तालिमको पहिचान गरि संघ तथा प्रदेश सरकारको समन्वयमा बेरोजगार व्यक्तिलाई तालिम प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।
- श्रम सम्बन्धलाई प्राथमिकता दिदै सार्वजनिक पुर्वाधार निर्माण, कृषि, व्यवसायिक उद्योग, वित्तीय क्षेत्रबाट रोजगारी सिर्जना गरिनेछ ।
- **"बेरोजगार यूवाहरुलाई रोजगार युक्त बनाउनु हाम्रो कर्तव्य हो"** यसका लागि श्रममा आधारित रोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

## २. सामाजिक विकास क्षेत्र तर्फ :-

### २.१ शिक्षा, युवा तथा खेलकुदः-

### २.१.१ शिक्षा विकास :

- जीवन उपयोगी आधुनिक व्यावसायिक प्रविधीयुक्त शिक्षामा जोड दिई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गरिनेछ ।
- सामुदायिक विद्यालयहरुका शिक्षकहरुलाई पेशाप्रति जिम्मेवार बनाई गुण र दोषका आधारमा प्रोत्साहन र दण्ड गरिनेछ ।
- विद्यालयहरुमा विद्यार्थी अनुपातका आधारमा दरबन्दी मिलान गरि शिक्षकहरुको व्यवस्थापनलाई प्राथमिकतामा राखिनेछ ।
- गाउँ शिक्षा योजना र शैक्षिक कार्य पात्रो निर्माण गरि कार्यान्वयनमा ल्याईनेछ ।
- वि.व्य.स., शि.अ.स. र अन्य सरोकारवालाहरुको क्षमता अभिवृद्धि गरी सुशासन र पारदर्शिता कायम गरिनेछ
- बिचैमा विद्यालय छाड्ने प्रवृतिलाई निरुत्साहित गर्न जनचेतनामुलक कार्यक्रम सञ्चालनमा ल्याईनेछ र त्यस किसिमका बालबालिकालाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहन स्वरुप विशेष प्याकेजको व्यवस्था गरिनेछ ।
- सम्पुर्ण विद्यालयहरुलाई ICT मैत्री तथा प्रविधिमैत्री बनाईनेछ ।
- एक वडा एक नमुना विद्यायलयलाई निरन्तरता दिईनेछ ।

- खेलकुद विकासलाई अभिवृद्धि गर्न पालिका क्षेत्र भित्र बहुउद्धेश्यीय खेलकुद मैदानको निर्माण कार्यमा जोड दिई खेलकुदमा हुने लैगिंक विभेदलाई अन्त्य गरिनेछ ।
- प्रौढ कक्षा, वैकल्पिक शिक्षा र साक्षर कक्षा सञ्चालनको लागि सरकारी निजी क्षेत्र सँग सहकार्य गरि पूर्ण साक्षर पालिका घोषणाका लागि निरक्षरहरुलाई साक्षरता कक्षा मार्फत साक्षर बनाईने छ ।
- सरकारी, सामुदायिक विद्यालयमा घट्दो विद्यार्थी भर्नादरलाई निरुत्साहित गर्न आवश्यक प्रबन्ध मिलाईनेछ
- युवावर्गलाई स्वरोजगार बनाउन शिपमुलक तालिम र प्राविधिक शिक्षा को सुरुवात गरिनेछ ।
- शैक्षिक क्षेत्रमा देखिएका समस्याको समाधानको लागि अध्यक्ष सँग विद्यार्थी कार्यक्रम सञ्चालन गरिनेछ ।
- लागु औषध, दुर्व्यसन तथा कुलतबाट युवाहरुलाई जोगाउन सचेतनामुलक कार्यक्रम सञ्चालन गरि यूवाहरुमा सकारात्मक सोच र संस्कृतिको विकास गरिनेछ ।
- विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभूत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको व्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ ।
- विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा वालमैत्री तथा अपाङ्गमैत्री संरचना निर्माण गरिनेछ ।
- नेपाल सरकार, विश्व खाद्य कार्यक्रम र अन्य साझेदार संघ संस्थाहरुबाट सञ्चालित आधारभूत तह पढाई सिकाई कार्यक्रम, स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रम, विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालनका लागि गाउँपालिकाको समन्वयमा विद्यालयको संस्थागत क्षमता अभिबृद्धि गरिनेछ ।
- युवा वेरोजगारी न्युनीकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा शिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- आर्थिक रुपले विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई ईलेक्टोनिक सामग्री मर्मत, पलम्विङ तथा ईलेक्टिसियन, व्युटीपार्लर, सिलाईकटाई, Handicraft जस्ता सीप विकासमा जोड दिइने छ ।
- हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान अभियान सञ्चालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति ल्याईनेछ साथै पारिवारिक हिंसाद्धारा पीडितको संरक्षणको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।
- यसै शैक्षिक बर्ष २०८२ मा आधारभूत तहको कक्षा १–८ मा स्थानीय पाठ्यपुस्तक लागु हुनेछ । आगामी शैक्षिक सत्रमा कक्षा १–८ मा गाउँपालिकाको स्थानीय पाठ्यपुस्तक लागू गर्नका लागि आवश्यक तयारी गरिनेछ ।
- प्रारम्भिक बाल विकास शिक्षालाई प्रभावकारी बनाउन प्रदेश सरकार संग साझेदारीमा नमूना बालविकास केन्द्र बनाउन जोड दिईनेछ । सिकाई सहजीकरण लाई प्रभाबकारी बनाउन बाल कक्षाका शिक्षकहरुको पुर्नताजगी तालिमको व्यवस्था गरिनेछ ।
- उत्कृष्ट कार्य सम्पादन तथा उत्कृष्ट सिकाई उपलब्धि प्राप्त गर्ने विद्यालयलाई प्रोत्साहन अनुदान दिने तथा सो विद्यालयको व्यवस्थापन शिक्षण सिकाई अनुभब तथा उत्कृष्ट कार्य अनुभव गाउँपालिका भित्रका अन्य विद्यालयलाई आदान प्रदान गर्ने व्यवस्था मिलाईने छ ।
- विद्यार्थीमा अन्तरनिहित प्रतिभा प्रस्फुटनका लागि माध्यमिक र आधारभूत विद्यालयस्तरीय विभिन्न अतिरिक्त कृयाकलापहरु सचालन गरिनेछ ।
- विद्यालयका विभिन्न शैक्षिक तथ्याङकहरु एकीकृत शैक्षिक सूचना प्रणालीमा प्रविष्ट गर्नका लागि प्रवोधीकरण कार्यक्रम गरी शैक्षिक तथ्याङकमा भएको त्रुटी हटाइ थप शुद्धता ल्याउने प्रयास गरिनेछ ।
- पालिका स्तरीय विभिन्न कार्यक्रममा एक रुपता ल्याउन गाउँपालिकाको क्यालेण्डर तथा विद्यालयको निकासा र शैक्षिक गतिविधि सहित शैक्षिक दर्पण प्रकाशन गरी सूचनाको पहुँचमा सबैलाई ल्याइनेछ ।
- विद्यालयको अभिलेख तथा जिन्सी व्यवस्थापन र लेखा प्रणाली सुदृढीकरण साथै विद्यालय सुधार योजना निर्माणका लागि विद्यालायलाई प्राविधिक सहयोगका साथै अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ ।



CamScanner

- शिक्षण सिकाईलाई प्रभावकारी बनाइ अनुसन्धानात्मक शिक्षण सिकाईमा जोड दिने उद्धेश्यले प्रस्तावका आधारमा शिक्षकहरुलाई लघु (कार्यमुलक) अनुसन्धान गर्न लगाइ प्रतिस्पर्धाको आधारमा पुरस्कृत गरिने कार्यलाई निरन्तरता दिइनेछ ।
- महिनाबारीको कारण विद्यालयमा छात्रालाई पर्ने असहज परिस्थितिको निराकरण गरी पढाईमा निरन्तरता तथा विद्यालय छाड्ने परिस्थितिको अन्त्यका लागि सामुदायिक विद्यालयका छात्राहरुलाई स्यानीटरी प्याड निशुल्क वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- स्थानिय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रमलाई सहकारीको साझेदारीमा निरन्तरता दिईनेछ ।
- विद्यालयमा भान्साघर निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- माध्यमिक तह (कक्षा ९ र १०), आधारभूत तह (कक्षा ६ देखि ८) सम्म सञ्चालित विद्यालयहरुमा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान दिई अग्रेजी, गणित र विज्ञान विषय शिक्षणमा सहजीकरण गरिनेछ ।

### २.१.२ युवा विकासः

- उर्जाशील युवावर्गलाई उद्धमशील बनाउन आवश्यक सीपमूलक तालिम तथा परामर्शका कार्यक्रम सञ्चालन गरिनेछ ।
- युवामा स्वयंसेवी भावना तथा सामाजिक जिम्मेवारी बोध गराउन युवा स्वयंसेवक परिचालनमा जोड दिइनेछ । सामाजिक क्रियाकलापमा युवाको संलग्नता बढाउने कार्यक्रम सञ्चालन गरिनेछ ।
- युवामा सकारात्मक सोच विकास गरी स्थानीयस्तरमा उपलब्ध सम्भावना र अवसर प्रति आकर्षित गरिनेछ
- श्रमको सम्मान गर्ने संस्कृति विकास गर्न उद्धमी तथा स्वरोजगार युवालाई सम्मान र प्रोत्साहन गरिनेछ
- युवा सञ्जालहरुलाई खेलकुदका सामानहरु उपलब्ध गराइनेछ ।

### २.१.३ खेलकुद विकास :

- आधारभुत तहमा अध्ययनरत विद्यार्थीहरुको बीचमा विभिन्न खेलकुद प्रतियोगिता गरी उत्कृष्ट खेलाडीहरु पुरस्कृत गरिनेछ र सानै उमेरबाट बालबालिकामा खेलप्रतिको मोह जगाउने साथै स्वस्थ्य रहने बानीको विकास गरिनेछ ।
- माध्यमिक विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई निरन्तरता दिई विभिन्न खेलका उत्कृष्ट विद्यार्थीहरु छनौट गरी प्रदेशस्तर र राष्ट्रियस्तरका विभिन्न खेलहरुमा सहभागी गराई गाउँपालिकाबाट खेलाडीहरु उत्पादन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- खेलकुद विकास समिति, विभिन्न संघ संस्था तथा खेलकुद क्लवहरुसंगको समन्वयमा गाउँपालिका स्तरीय र वडास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।
- खेलकुद सामग्री अभाव भएका विद्यालयहरुमा खेलकुद सामग्री उपलब्ध गराउन प्राथमिकता दिइनेछ । पालिका तथा वडास्तरीय खेलकुद प्रतियोगिताको लागि खेल सामग्रीको उपलब्धता हुने वातावरण मिलाइनेछ ।
- खेल पूर्वाधार विकासको लागि विद्यालयहरुमा खेलमैदानको पूर्वाधार विकासका लागि पहलकदमी गरिनेछ
- अन्तर्राष्टिय, राष्टिय तथा प्रदेशस्तरीय खेलमा पदक जित्ने खेलाडीलाई पुरस्कृत तथा सम्मान गरिनेछ
- गाउँपालिका अध्यक्ष कप खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ ।
- पालिका स्तरीय खेलमैदान, निर्माणका लागि विषेश पहल गरिनेछ ।



CamScanner

२.२ स्वास्थ्य :-

- नसर्ने रोगको पहिचान गरि उपचारका लागि सहजीकरण गरिनेछ ।
- प्रत्येक वडा र टोलमा सम्पूर्ण सरोकारवालाहरुसंग सचेतना कार्यक्रम संचालन गरिदै लगीने छ ।
- निर्माण सम्पन्न भएका आधारभुत स्वास्थ्य केन्द्रहरुलाई जनशक्ति तथा स्रोतसाधनको व्यवस्था गरी सञ्चालन गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुबाट निशुल्करुपमा वितरण हुने औषधीहरुको कमी हुन नदिन आवश्यक व्यवस्था मिलाईनेछ ।
- प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुबाट उपलब्ध गराईरहेको सेवामा विस्तार गर्दै आवश्यक उपकरणको व्यवस्था मिलाई स्रोत साधन सम्पन्न गराईनेछ ।
- सुरक्षित मातृत्व कार्यकमलाई प्रभावकारी बनाई NO More Home डेलिभरी गाउँपालिका घोषणा गरिनेछ ।
- पोषण मैत्री स्वास्थ्य संस्था घोषणा गरिनेछ ।
- अत्यावश्यक स्वास्थ्य सेवाको पहुँच विस्तार गरी गुणस्तर अभिबृद्धि गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।
- स्वास्थ्य चौकीका लागि प्रयोगशाला सेवालाई विस्तार र निरन्तरता दिईनेछ ।
- समुदायस्तरमा स्वास्थ्य चेतनाअभिबृद्धि कार्यक्रम संञ्चालन गरिनेछ ।
- प्रवर्धनात्मक, उपचारात्मक, प्रतिकारात्मक सेवालाई थप सुदृढीकरण गरिने छ ।
- नेपाल सरकारको प्राथमिकतामा रहेका स्वास्थ्य कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।
- स्वास्थ्य सेवासंग सम्वन्धित विभिन्न संघ संस्थाहरुसंग समन्वय गरी स्वस्थ्य समाज निर्माणको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।
- सबै सामुदायिक विद्यालयहरुमा प्राथमिक उपचारको लागि आवश्यक औषधी सहितको किट बक्स उपलब्ध गराईनेछ ।
- खोप केन्द्र तथा गाउँघर क्लिनिकको लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्दै लगिनेछ ।
- गर्भवती महिलाहरुलाई क्याल्सियम वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- सुत्केरी आमा पोसिलो खाना कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रत्येक वडामा स्थापना भएका स्वास्थ्य संस्थालाई स्तरउन्नती गर्दै लगिनेछ ।
- जेष्ठ नागरिकहरुको स्वास्थ्य सुरक्षालाई मध्यनजर गरी सञ्चालन गरिएको जेष्ठनागरिक मासिक स्वास्थ्य परीक्षण तथा निशुल्क औषधी वितरण कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।
- अध्यक्षसँग समुदाय स्तरमा बृहत स्वास्थ्य शिविर संञ्चालन गरिनेछ ।
- पोषणमैत्री गाउँपालिका तथा वडा घोषणाका लागि आवश्यक क्रियाकलाप संञ्चालन गरिने छन ।
- पोषण अवस्था सुधारका लागि बहुक्षेत्रिय पोषण योजना थप सुद्धिकरण गदै निरन्तरता दिईने छ ।

२.३ आयुवेर्दिक

- सुर्मा गाउँपालिकामा नागरिकहरुलाई आयुवेर्दिक सेवा प्रवाहमा पहुँच सुनिश्चता गरिने छ ।
- आयुवेर्दिक केन्द्रको पुर्वाधार, जनशक्ति तथा सेवा गुणस्तर सुधार गरिनेछ ।



CamScanner

## २.३ लक्षित समुदाय, सामाजिक सुरक्षा तथा समावेशीकरण :-

### २.३.१ महिला विकास :

- महिलाहरुको लागि विभिन्न सीप विकास, क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।
- एकल महिलाहरुका लागि विभिन्न सीपमूलक, सचेतनामूलक, आयआर्जनका कार्यक्रमहरु सञ्चालन गरी स्वरोजगारको लागि उत्प्रेरित गरिनेछ ।
- विपन्न, दलित, आदिवासी जनजाति महिलाहरुको लागि मागमा आधारित सीपमूलक तालिम उपलब्ध गराईनेछ ।
- महिला उद्यमीहरुलाई उद्योग, व्यवसाय दर्ता, सञ्चालन तथा बजारीकरणको लागि आवश्यक सहयोग, समन्वय तथा सहजीकरणको लागि महिला उद्यमशीलता सहजीकरण केन्द्रको स्थापना गरी सञ्चालन गरिनेछ ।
- मर्यादित महिनावारी सम्बन्धी कार्यकम संञ्चालन गरिनेछ ।

### २.३.२ अन्य लक्षित समुह

- समाज विकासको हरेक क्षेत्रमा पछाडि परेका लक्षित समुदायलाई विकासको मुल प्रवाहमा समाहित गर्न सीपमुलक तथा क्षमता अभिवृद्ध कार्यक्रमहरु सञ्चालन गर्दै रोजगारीको सिर्जना गरिनेछ ।
- अपाङ्गहरुको लागि आय आर्जनमा वृद्धी गर्नका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।
- विभिन्न लक्षित समुह अन्तरगतका कार्यक्रमहरु–जेष्ठ नागरिक, दलित, अपाङ्ग सम्मान, अपाङ्गहरुको लागि सहायोगी सामग्री वितरण गरिने छ ।
- सबै गाउँपालिकावासीको जीवन सुरक्षित मर्यादित तथा गुणस्तरीय बनाउनका लागि गाउँपालिकाका विभिन्न तह र निकाय तथा संघ/संस्थाहरुबाट सञ्चालित सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमहरुलाई एकीकृत रुपमा कार्यान्वयनमा ल्याइनेछ ।
- एकल महिला, अशक्त, बृद्धबृद्धा र फरक क्षमता भएका व्यक्तिहरुको सामाजिक सुरक्षाभत्ता वितरणलाई थप सहज वनाउन वैंकिङ संस्थाहरुसंग सहकार्य गरिनेछ ।
- भौतिक पूर्वाधार निर्माण गर्दा लैंङ्गिक मैत्री, वालमैत्री तथा अपाङ्ग मैत्री वनाउन लगाईनेछ ।
- फरक क्षमता भएका व्यक्तिहरुलाई व्यवसाय सञ्चालन गर्न प्रेरित गर्नको लागि कर तथा दस्तुरहरुमा छुटको व्यवस्था गरिनेछ ।
- आफ्नो हेरचार आफै गर्न नसक्ने वा श्रम गर्न नसक्ने अति अशक्त, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरुको हेरचाह तथा स्याहार सुसारको लागि खटिने व्यक्तिलाई उपलब्ध गराइदै आएको सामाजिक संरक्षणको व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- विभिन्न कला संस्कृतिको जगेर्ना, संरक्षण र प्रवर्द्धन गर्ने नीति ल्याईने छ ।
- समाजमा वर्गीय, जातीय, लैंगिक, दृष्टिकोणबाट पछाडि पारिएका एवं एकल महिलाको आयआर्जनको निम्ति उनीहरुलाई सामाजिक परिचालन कार्यक्रमका गतिविधिसँग विशेष ढंगले जोडिने नीति लिइनेछ ।
- समाजमा रहेका विभिन्न किसिमका विभेद तथा छुवाछुत अन्त्य गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ
- अलपत्र बेवारीसे नागरिकहरुको संरक्षण तथा व्यवस्थापन गरिनेछ ।



CamScanner

### २.३.३ गरिबी निवारण कार्यक्रम :

- आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरलाई रोजगारी उपलब्ध गराउन श्रममूलक प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने आयोजनालाई प्राथमिकता दिईनेछ ।
- विपन्न तथा लक्षित समुदायको आय आर्जन, सीप विकास र रोजगारी अभिवृद्धि गराउने खालका कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपन्न परिवारलाई लक्षित गरी त्यस्ता परिवारहरुको आर्थिक विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ
- विपन्न तथा लक्षित वर्गको लागि जनता आवास कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिका भित्रका अति विपन्नका लागि किफायती र वातावरण मैत्री आवास उपलब्ध गराउन सुरक्षित नागरिक आवास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

### २.३.४ भूमि व्यवस्था :

- गाउँपालिका क्षेत्रमा बाँझो रहेको खेती योग्य जग्गाको लगत संकलन गरी संरक्षण गरिनेछ
- अभिलेखीकरण भएको बाँझो रहेको खेतीयोग्य जमिनमा खेती गर्नको लागि व्यक्ति वा समूहलाई प्रोत्साहित गरिनेछ ।
- अभिलेखीकरण भएको बाँझो रहेको खेती योग्य जमिनलाई लिजमा खेती गर्न उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

## ४. भौतिक पूर्वाधार विकास क्षेत्र तर्फ :-

### ४.१. भौतिक पूर्वाधार :

- यस गाउँपालिकाले गाउँपालिकावासीको जीवनयापनलाई सहज बनाउने गरी सडक, उर्जा, सिंचाई र शहरी पूर्वाधारहरुको विकासलाई उच्च प्राथमिकता दिएईको छ ।
- गाउँपालिका क्षेत्र भित्रका सडकहरु नियमित रुपमा मर्मत सम्भार गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ । निर्माण भई सकेका सडकहरुको स्तरोन्नति गर्दै लगिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र आवश्यकताको आधारमा बाटो, पुल र ढल निर्माण कार्यलाई क्रमिक रुपमा अगाडि वढाईनेछ ।
- आयोजना व्यवस्थापनलाई सुदृढ बनाई गाउँपालिका भित्र सञ्चालनमा रहेका र सञ्चालन हुने विकास आयोजनाहरु निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गरिनेछ ।
- वडाहरुको समन्यायिक विकासको लागि प्रत्येक वडालाई निश्चित मापदण्ड तयार गरी बजेट बाँडफाड एवं कार्यान्वयनको व्यवस्था मिलाईनेछ ।
- अत्यावश्यक पूर्वाधारको अभाव रहेका स्थानहरुमा नयां पूर्वाधार निर्माण गरिनेछ । विद्यमान पूर्वाधारहरुको क्षमता विस्तार, गुणस्तर सुधार, स्तरबृद्धि एवं समयमानुकुल मर्मत सम्भार गरिनेछ ।
- मानवबस्ती, कृषि योग्य जमिन र अन्य श्रोत सम्पदालाई क्षति हुनबाट बचाउन नदी नियन्त्रणका विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- **"सुर्मा गाउँपालिका, उज्यालो गाउँपालिका"** हाम्रो अभियान हो । यो अभियानलाई साकार बनाउन सबै सडक र गाउँवस्ती स्तरमा बत्ती जडान गर्ने कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।
- गाउँपालिकावाट विगत देखि नै शुरुवात भई सञ्चालनमा रहेका क्रमागत र अधुरा योजनाहरुलाई सम्पन्न गर्ने गरी आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

- सुर्मा गाउँवासीलाई "एकघर एक धारा" सहित सफा, स्वच्छ र शुद्ध पिउने पानीको व्यवस्था मिलाइनेछ। चालु क्रमागत योजनाहरु सम्पन्न गरी सम्भाव्यताका आधारमा प्राथमिकीकरणमा परेका बाँकी योजनाहरु क्रमशः कार्यान्वयनमा ल्याईनेछ।
- वडा कार्यालयको प्रशासनिक भवन नभएका वडाहरुमा कार्यालय भवन निर्माण तला थप गर्ने कार्यलाई प्राथमिकता दिइने छ।
- सडक लगायतका पूर्वाधार निर्माण गर्दा वायोइन्जिनियरिङ प्रविधिद्वारा वातावरण संरक्षण तथा भूक्षय नियन्त्रण गर्ने कार्यलाई समावेश गरिनेछ।
- सडक सम्बन्धी योजना सञ्चालन गर्दा मापदण्ड पुरा भएका सडकहरुमा कम्तिमा ६० प्रतिशत काम पक्की संरचना सम्बन्धी कार्य गर्ने गरी सञ्चालन गरिनेछ।
- वैकल्पिक उर्जाको विकास तथा प्रवर्द्धन गर्ने नीति लिइनेछ।
- कालोपत्रे तथा पक्की सडक, पुल, कल्भर्ट लगायतका उच्च प्रविधि र हेभी मेसिनरी ईक्यूपमेण्टहरु प्रयोग गरी निर्माण गर्नु पर्ने योजनाहरु गाउँपालिका आफैले निर्माण गर्ने व्यवस्था मिलाउईने छ।
- गाउँपालिकाबाट सञ्चालित योजना र प्रधानमन्त्री स्वारोजगार कार्यक्रमलाई समन्यात्मक रुपमा सञ्चालन गरिनेछ।
- भवन तथा संरचना निर्माणको साथै सडक पूर्वाधार निर्माण गर्दा अपनाउनु पर्ने मापदण्ड यसै सभाबाट स्वीकृत गरी कार्यान्वयन गर्नै व्यवस्था मिलाईनेछ।
- योजना कार्यान्वयन गर्दा योजनाको सम्झौता तथा योजना फरफारक गर्दा pre- project/post project photo को नीतिलाई कार्यान्वयन गरिनेछ।
- योजना सम्झौता नगरी योजना कार्यन्वयन गरेको पाईएमा त्यस्ता उपभोक्ता समितिसंग योजना सम्झौता गरिने छैन। क्रमागत र बहुवर्षीय योजनाहरु बाहेक यस आ.व.को लागि स्वीकृत भएका तर कार्यान्वयन नभएका कुनै पनि योजना आगामि वर्ष कार्यान्वयन गरिने छैन।
- कार्यक्रम सञ्चालन गर्दा तोकिएको मापदण्ड बमोजिम तोकिएको समयमा नै योजना सम्पन्न तथा फरफारक गर्ने उपभोक्ता समितिलाई सूचकाङ्कहरु तयार गरी सम्मान गरिनेछ।

### ४.२ घर नक्सा पास :

- गाउँपालिकामा सरकारी, गैरसरकारी तथा निजी घर, भवन निर्माण गर्ने निर्माण व्यवसायीलाई निर्माण व्यवसायी समितिसंगको सहकार्यमा भुकम्प प्रतिरोधी भवन निर्माण सम्वन्धी तालिम प्रदान गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्र भवन निर्माण गर्ने निर्माण व्यावसायी गाउँपालिकामा सूचीकृत तथा नवीकरण भएको र गाउँपालिका वा नेपाल सरकारबाट मान्यताप्राप्त संस्थाबाट भूकम्प प्रतिरोधी भवन निर्माण सम्वन्धी तालिम प्राप्त व्यक्ति वा संस्थालाई मात्र स्वीकृति दिईनेछ। गाउँपालिकामा सूचीकृत नभएको र तालिम प्राप्त नभएका निर्माण व्यावसायीबाट भवन तथा भौतिक संरचना निर्माण गर्ने व्यक्ति तथा संस्थालाई निर्माण सम्पन्न प्रमाण पत्र प्रदान गरिने छैन।

## ५. <u>वन वातावरण, विपद व्यवस्थापन र सरसफाई क्षेत्र तर्फ</u> :–

### ५.१ वन तथा वातावरण संरक्षण

- गाउँपालिका क्षेत्र भित्र सञ्चालित तोकिएको मापदण्डमा परेका विभिन्न योजनाहरुको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय अध्ययन गर्ने व्यवस्था मिलाईनेछ।
- विद्यालयहरुमा जलवायु परिवर्तन सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।



CamScanner

- सामुदायिक वन उपभोक्ता समितिहरुले वार्षिक रुपमा वन पैदावारको उपयोग तथा विक्री सम्बन्धी कार्ययोजना गाउँसभाबाट पारित गर्नु पर्ने व्यवस्था कडाईका साथ लागु गरिनेछ। वन पैदावारको उपयोग तथा विक्री सम्बन्धी कार्ययोजना गाउँसभाबाट पारित नगराउने सामुदायिक वन उपभोक्ता समितिलाई गाउँपालिकाबाट उपलब्ध गराउने कुनै किसिमको सुबिधा उपलब्ध गराईनेछैन ।
- खोला, खोल्सा, सार्वजनिक स्थल तथा नालाहरुमा भएको अतिक्रमणलाई हटाई त्यस्ता स्थानहरुलाई सार्वजनिक प्रयोगमा ल्याईनेछ ।
- पूर्वाधार विकाससंग सम्बन्धित योजना सञ्चालन गर्दा वातावरणमैत्री हिसाबले सञ्चालन गरिनेछ ।
- यसै वर्ष वातावरणीय अध्ययन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।
- जैविक विविधताको संरक्षण एवं प्रवर्द्धनको कार्यक्रम सञ्चालन गरिनेछ । वातावरण र विकास बीच सन्तुलन कायम हुने गरी विकास कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ ।
- ठूला पूर्वाधारका योजना सञ्चालन गर्दा वातावरण संरक्षण ऐन नियमका प्रावधान अवलम्वन गरिनेछ ।
- गाउँपालिकामा भएका गौरवका सडकहरु निर्माण गर्दा वातावरण संरक्षण सम्बन्धी कार्यलाई समेत लागत अनुमानमा समावेश गर्ने व्यवस्था गरिनेछ ।
- खानेपानीका मुहान तथा टंकीहरुको सरसफाई र पानी शुद्धीकरण गर्न आवश्यक सचेतना मूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- बाढी, पहिरो नियन्त्रणका लागि तटबन्ध लगायतका कार्यलाई निरन्तरता दिइनेछ ।
- सामुदायिक वनको संरक्षण र सम्वर्द्धन गरिनुका साथै सामुदायिक वनका पदाधिकारीहरुको व्यवस्थापकीय क्षमता अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- खाली प्रति जग्गाको संरक्षण तथा रुख विरुवा रोपण कार्य लागु गरिनेछ ।
- भूक्षय, नदीकटान र बाढीपहिरो नियन्त्रण कार्यमा साझेदारिता र सहकार्यका योजनाहरु सञ्चालनमा जोड दिइनेछ ।
- स्थानीय वन ऐन वनाई गाउँसभाबाट पारित गरी कार्यान्वयनमा ल्याईनेछ ।
- सुर्मा गाउँपालिका भित्र रहेका बहुमुल्य जडिबुटीको खोज तथा अनुसन्धान गर्न विज्ञ टोली परिचालन गरिने छ ।
- सुर्मा गाउँपालिका भित्र रहेका बहुमुल्य जडिबुटीको संकलन, उपभोग, निकासी, पैठारीमा लाग्ने कर अनिवार्य रुपमा गाउँपालिका वा वडा कार्यालय मार्फत चुक्ता गर्नुपर्ने निति कडाईका साथ अवलम्वन गरिनेछ ।

## ५.२ विपद् व्यबस्थापन :–

- विपद कोष स्थापना गरि वजेट व्यवस्थापन गरिनेछ ।
- विपद् व्यवस्थापनका लागि सम्बन्धित संस्थाको सहयोगमा कार्यक्रम तयार गरी सञ्चालन गरिनेछ
- विपद् पछिको उद्दार कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनको लागि विभिन्न निकायहरुको सहकार्यमा विपद् प्रतिकार्य तालिम सञ्चालन गरिनेछ ।
- विपद् पछिको उद्दार कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनको लागि आवश्यक साधन स्रोतको व्यवस्था गरिनेछ ।
- जे.सी.भी., एम्वुलेन्स लगायतका उपकरणको सञ्चालन र व्यवस्थापनमा नागरिकको सहज पहुँच स्थापित गरिनेछ ।
- वडास्तरमा गठित विपद् व्यवस्थापन समितिलाई थप व्यवस्थित र क्रियाशील गराईनेछ ।
- नदी नियन्त्रण कार्यक्रम संञ्चालन गरिनेछ ।
- विपद् व्यवस्थापनका लागि सवै वडाहरुमा पहिचान भएका खुल्ला सार्वजनिक स्थलहरुको व्यवस्थापन गरिनेछ ।



CamScanner

- वातावरण तथा विपद् व्यवस्थापनका लागि आवश्यक निर्देशिका बनाई वातावरण तथा विपद् व्यवस्थापन कोषलाई थप व्यवस्थित गरी परिचालन गरिनेछ ।
- विपद् पूर्व र विपद् पश्चात् प्रतिकार्य योजनाका लागि आवधिक रणनैतिक योजनाका अतिरिक्त साल बसाली विशेष कोष स्थापना गर्न वडास्तर टोलस्तर र समुदायस्तरमा विपद् प्रतिकार्य योजना कार्यान्वयनका लागि समूह निर्माण गरी क्षमता विकास तथा जनचेतना बढाउन र उचित राहत प्रदान गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

५.३ फोहरमैला व्यवस्थापन :–

- फोहोरमैलालाई वर्गीकरण सम्बन्धी समुदाय स्तरमा जनचेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- जैविक फोहरलाई व्यक्ति स्वयंले व्यवस्थापन गर्न उत्प्रेरित गरिनेछ ।
- सार्वजनिक स्थलमा सार्वजनिक शौचालय निर्माण कार्यमा जोड दिईनेछ ।
- फोहोरमैला व्यवस्थापन गर्न ल्याण्डफिल साईड को लागि जग्गाको खाजी गरिनेछ ।

५.४ उर्जा विकास

- सुधारिएको चुलो (Improve Cookstove) प्रविधिजडान, तथा सौर्य उर्जा प्रविधि जडान कार्यहरु सञ्चालन गरिनेछ ।

## ६. संस्थागत विकास तथा सेवा प्रवाह र सुशासन क्षेत्र तर्फ :-

### ६.१ सुशासन अभिवृद्धि :

- स्थानिय तहमा पारदर्शी, प्रभावकारी, जनउत्तरदायी तथा प्रविधिमैत्री सेवा प्रवाह प्रणाली विकास गरी समावेशी र सुशासित प्रशासन निर्माणमा जोड दिईने छ ।
- “पारदर्शी प्रशासन, जनमुखि सेवा-समृद्धिको वलियो आधार सुशासन व्यवस्था” विधिसम्मत कार्यप्रणालीमा आधारित समावेशी तथा परिणाममुखि सेवा प्रवाह प्रणालीको विकास गरी सुशासनको सुदृढ आधार तयार पारिनेछ ।
- पारदर्शिता कायम गर्ने गरी सम्पुर्ण सेवा प्रवाह प्रकिया जनमुखि र पारदर्शिता वनाई सवै प्रशासनिक निर्णयहरु कार्यालयको सुचनापाटी, Web Side, Whats App र विभिन्न सामाजिक सञ्जाल मार्फत जानकारी गराईने छ ।
- सेवा प्रवाहलाई गुणस्तरीय तथा प्रभावकारी बनाउन गाउँपालिकाको कार्यालय, वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुलाई साधन सम्पन्न र प्रविधि मैत्री बनाईनेछ ।
- Software को जडान गरी वडा कार्यालय तथा स्वास्थ्य चौकीबाट Online Reporting गर्ने व्यवस्था मिलाईनेछ ।
- सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता क्रियाकलापहरुको माध्यमबाट पारदर्शिता अभिबृद्धि गर्दै जनआवाज संकलन गरी प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- सेवा प्रवाहका मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।
- आन्तरिक तथा अन्तिम लेखा परीक्षणबाट औंल्याईएको बेरुजु फछयौंटलाई प्रथमिकताका साथ अगाडि बढाईनेछ ।
- प्रभावकारी रुपमा सेवा प्रवाह गर्न कर्मचारी तथा पदाधिकारीहरुलाई आवश्यक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।



CamScanner

- सरकारी, सार्वजनिक जग्गा संरक्षण, व्यवस्थापन गर्ने कार्य सञ्चालन गरिनेछ ।
- आवश्यक कानूनहरुको निर्माण गरी सेवा प्रवाहलाई अझै चुस्त र प्रभावकारी बनाईनेछ ।
- उपभोक्ता हित संरक्षण, अवैध कारोबार नियन्त्रण तथा उपभोग्य वस्तु तथा अन्य वस्तुको नियमित आपूर्तिको लागि सम्बन्धित निकायको सहयोग तथा सहकार्यलाई नियमित गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा सञ्चालनमा रहेका सरकारी कार्यालय, संस्थानहरु तथा गाउँपालिका बीच आ-आफ्ना कार्यक्रम कार्यान्वयनमा अन्तर निकाय समन्वय गर्ने व्यवस्था मिलाईनेछ ।
- कार्यविधि निर्माण गरी राष्ट्रसेवक कर्मचारीहरुलाई आवश्यक सेवासुविधा उपलब्ध गराईनेछ ।

## ६.२ संस्थागत विकास :

- सहभागितात्मक योजना तर्जुमा पद्धतिलाई सबल बनाउन वडा तहसम्म योजना तर्जुमा क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- योजनाहरुको कार्यान्वयनमा सहजता ल्याउन, काममा गुणस्तरीयता कायम गर्न भुक्तानी प्रक्रियालाई सरल र सहज बनाउन उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना कार्यान्वयन पूर्व नै आवश्यक तालिम प्रदान गरिनेछ ।
- गाउँपालिका तथा वडा कार्यालयहरुबाट प्रवाह गरिने सेवा प्रणालीलाई अझ व्यवस्थित बनाउनका लागि कम्प्यूटरिकृत स्वचालित पद्धतिको अवलम्बन गर्दै लगिनेछ ।
- विभिन्न लक्षित समूह, सहकारी तथा अन्य समूहहरुले कार्यक्रम सञ्चालन गर्ने क्रममा खरिद भएका खर्च भएर नजाने सामानहरु सम्बन्धित वडा कार्यालयमा जिन्सी खातामा आम्दानी बाँधी सम्बन्धित समूहलाई हस्तान्तरण गर्ने व्यवस्था मिलाईनेछ ।
- कार्यालयका सबै शाखाहरुमा आवश्यक सफ्टवयर जडान गरी कार्यालयलाई प्रविधि मैत्री बनाउदै कागज विहिन कार्यालय बनाउने प्रयास गरिनेछ ।
- गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण स्वीकृत गरी सो का आधारमा आवश्यक दरबन्दी स्वीकृत गरिनेछ ।
- शाखागत कार्य विवरण तयार गरी सोको आधारमा कार्यसम्पादन सम्झौता गरी लक्ष्य प्राप्ती तथा मूल्याङ्कन गर्दै अघि बढ्ने नीति लिइनेछ ।
- गाउँपालिकाको कार्यालय, वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई क्षमता बृद्धिको लागि कम्प्यूटर तालिमको व्यवस्था गर्ने साथै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही एवं व्यक्तिगत घटना दर्ता विवरण अनलाईन मार्फत् तयार गर्ने नीतिलाई प्रभावकारी वनाइनेछ ।
- गाउँपालिका भित्र गठित सबै सञ्जालहरुको सशक्तीकरण गरिनेछ ।
- गाउँपालिकामा सञ्चालन भएका यातायातका साधनहरु सञ्चालनको लागि आवश्यक कार्यविधि तयार गरी कार्यन्वयन गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र सञ्चालित खानेपानी समितिहरुलाई गाउँपालिकामा दर्ता गर्ने व्यवस्था गरी नियमन गर्ने व्यवस्था मिलाईनेछ ।
- विद्युत आपूर्ति नभएको समयमा पनि सेवा प्रवाह अवरुद्ध नहोस् भन्नको लागि गाउँपालिका,सबै वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुलाई Power Backup को जडान गरिनेछ ।

## ६.३ न्याय तथा मेलमिलाप :

- न्याय सम्पादनका कार्यहरुलाई छिटो छरितो र प्रभावकारी बनाउन कार्ययोजना तयार गरी कार्यान्वयन गर्दै लगिनेछ ।
- सबै वडाहरुमा मेलमिलाप केन्द्रहरु स्थापना गरी वडास्तरमा आएका विवादलाई सम्बन्धित मेलमिलाप केन्द्रले नै मेलमिलापको माध्यमबाट किनारा लगाउने व्यवस्था मिलाईनेछ ।
- मेलमिलाप समितिलाई अभिमुखीकरणको माध्यमबाट परिवर्तित कानूनी व्यवस्थाको बारेमा जानकारी गराउँदै सक्षम गराईनेछ ।

अब म आ.व. २०८१/०८२ को यथार्थ र २०८२/०८३ को अनुमानित आयव्यय तथा वार्षिक बजेट यस सम्मानित सभामा पेश गर्ने अनुमती चाहान्छु ।

| शिर्षक | आ.व. २०८१/०८२ को यथार्थ | आ.व. २०८२/०८३ को अनुमान |
|---|---|---|
| आय | | |
| राजश्व | | |
| आन्तरीक राजश्व | १४ लाख ६४ हजार ९७ रुपैया | २० लाख रुपैया मात्र । |
| **राजश्व बाँडफाँडबाट प्राप्त रकम** | | |
| नेपाल सरकारबाट प्राप्त | ५ करोड ७९ लाख ५७ हजार १ सय ५९ रुपैयाँ मात्र । | ९ करोड ४७ लाख ४० हजार ५ सय ३१ रुपैया मात्र |
| प्रदेश सरकारबाट प्राप्त | ७ लाख ८७ हजार ५ सय १९ रुपैयाँ | २२ लाख १५ हजार रुपैया मात्र । |
| **समपुरक अनुदान** | | |
| नेपाल सरकारबाट अपेक्षित | ........ करोड ....... लाख .....हजार ..... सय ....... रुपैयाँ मात्र | १ करोड ३७ लाख रुपैयाँ |
| प्रदेश सरकारबाट अपेक्षित | ११ लाख ९१ हजार ३ सय ५० रुपैयाँ | ५७ लाख रुपैयाँ |
| **वित्तिय समानिकरण अनुदान** | | |
| नेपाल सरकारबाट | ६ करोड ८४ लाख ५२ हजार ९ सय ६० रुपैयाँ मात्र । | ८ करोड २३ लाख रुपैयाँ |
| प्रदेश सरकारबाट | ६१ लाख २२ हजार रुपैया | ६७ लाख ९५ हजार रुपैयाँ |
| **ससर्त अनुदान** | | |
| नेपाल सरकारबाट | ८ करोड ९४ लाख ३६ हजार ९ सय ६० रुपैयाँ मात्र । | १३ करोड ६८ लाख रुपैयाँ |
| प्रदेश सरकारबाट | ३ करोड ७९ लाख ५० हजार रुपैयाँ मात्र । | |
| संघ विषेश | ..... करोड ... लाख ... हजार रुपैयाँ मात्र । | २ करोड १४ लाख रुपैयाँ |
| अन्य बैंक मौजात | १ करोड ३५ लाख ८ हजार ३ सय ५४ रुपैयाँ मात्र । | |
| **कुल आय** | **२६ करोड ३४ लाख २ हजार ७ सय ९९ रुपैयाँ मात्र ।** | **३६ करोड ५६ लाख ५० हजार ५ सय ३१ रुपैयाँ मात्र ।** |

उपस्थित गाउँसभा सदस्य ज्युहरु गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु, पत्रकारहरु प्रति आभार तथा धन्यवाद व्यक्त गर्दछु । विगतका वर्षहरुका नीति तथा कार्यक्रमहरुलाई पूर्णरुपमा कार्यान्वयन गरी **"समृद्ध सुर्मा गाउँपालिका, सुखी सुर्मावासी"** को आकांक्षालाई सफल बनाउन यहाँहरुको सल्लाह सुझावलाई मार्गदर्शनको रुपमा लिई गाउँपालिका अगाडि बढेको व्यहोरा यहाँ स्मरण गर्न चाहन्छु । प्रस्तुत नीति तथा कार्यक्रमलाई पूर्णरुपमा सफल बनाउन यहाँहरुको सकरात्मक सल्लाह सुझावको अझ बढी आवश्यकता हुने भएकोले तदनुरुप यहाँहरुका सल्लाह सुझावहरु गाउँपालिकाले प्राप्त गर्नेछ भन्ने अपेक्षा गर्नुको साथै त्यस्ता सल्लाह सुझावलाई मार्गदर्शनको रुपमा लिएर सुर्मा गाउँपालिका अगाडि बढने विश्वास दिलाउँछु ।

धन्यवाद

मिति २०८२/०३/१० मंगलबार

रमला कुमारी मण्डेल पुजारा

उपाध्यक्ष

सुर्मा गाउँपालिका

दौलिचौर, बझाङ्ग